"कृषि, पर्यटन र व्यापार सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका

## १७ औं नगरसभामा

## नगर प्रमुख श्री कृष्ण कुमार तामाङद्वारा प्रस्तुत गरिएको

## आ.व.२०८२/०८३ को

# *नीति तथा कार्यक्रम*

## २०८२ असार १० गते

चैनपुर नगरपालिका

**सभा सदस्यज्यूहरू,**

आज म चैनपुर नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई हामीले कार्य प्रारम्भ गरेको पनि ३ वर्ष पूरा भइसकेको छ । यस अवधिको हाम्रो कार्य सम्पादनको मूल्याङ्कन गर्ने जिम्मा आम चैनपुर नगरवासीलाई छाड्दै यस गरिमामय सभामा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यस क्षणमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरव पूर्ण ऐतिहासिक संघर्षमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । नेपालको महत्वपूर्ण परिवर्तनका लागि भएका आन्दोलनहरुमा नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानप्रति उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।

चैनपुर नगरपालिका स्थापना भए देखि नै लोकतान्त्रिक विधि र पद्धति अनुरूप कार्य सञ्चालन गरि छोटो समयमा नै नगरको सुशासन विकास र समृद्धिको जग तयार भएको छ । यसमा ईटा थप्नु हाम्रो कर्तव्य हो । सीमित स्रोत र साधनका वावजुद नगरवासीको असीमित आकाङ्क्षा परिपूर्ति गर्नु चुनौती पूर्ण छ । तैपनि सीमित स्रोत र असीमित जनचाहनाकाबीच सन्तुलन कायम गर्दै नेपालको संविधान,२०७२, सोह्रौं योजना, कोशी प्रदेश सरकारको आवधिक योजना, दिगो विकास लक्ष्य, चैनपुर नगरपालिका आवधिक योजना, राजनैतिक दलहरुको प्रतिवद्धता, स्थानीय वुद्धिजिवी, संघ संस्था तथा सरोकारवालाहरू बाट प्राप्त सुझाव र जनप्रतिनिधिहरूको आकाङ्क्षालाई मध्यनजर गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ । यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सल्लाह सुझाव प्रदान गर्नुहुने साथै यस कार्यको लागि सहयोग पुर्‍याउने हुने सम्पूर्ण नगरवासी, राजनैतिक दलहरू, शिक्षक, नागरिक समाज, बुद्धिजीवी, व्यवसायी ,स्थानीय सङ्घ संस्थाका प्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी एवं सञ्चारकर्मीहरूमा धन्यवाद ज्ञापन गर्न गर्दछु।

स्थानीय सरकारले लोकतन्त्रको मूल्य र विधिलाई कानुन तर्जुमा, सेवा प्रवाह, विकास र विपद् व्यवस्थापनका माध्यमबाट स्थानीयकरण गरेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनी व्यवस्थाले स्थानीय तहलाई नीति निर्माण, विकास व्यवस्थापन, स्रोत साधनको परिचालन, सेवा प्रवाह एवं सुशासन र विपद् व्यवस्थापनको कार्यसूची प्रदान गरेका छन् । स्थानीय तहमा जनताबाट प्रत्यक्ष निर्वाचित नेतृत्वलाई कार्यकारिणी, विधायकी र न्यायिक अधिकार प्रदान गरि लोकतन्त्रको वैधता र विश्वासलाई जनताकै मन मस्तिकबाट अनुमोदन हुने अवसर प्राप्त भएको छ ।

स्थानीय सरकारको फराकिलो जिम्मेवारी र नगरवासीहरूको हामी प्रतिको उच्च अपेक्षालाई प्रभावकारी रूपमा सम्बोधन गर्दै लोकतन्त्रका लाभहरूको समन्यायिक वितरण गर्नका लागि सहकार्य समन्वय र सह अस्तित्वको सिद्धान्त बमोजिम हामीले संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह तथा निजी, सरकारी, गैह्र सरकारी एवं सामुदायिक क्षेत्रसँग सहकार्य र समन्वय गर्दै अघि बढ्नु अपरिहार्य छ । यसै अपरिहार्यतालाई मनन गर्दै नयाँ सार्वजनिक शासनको वर्तमान अवधारणा बमोजिम सरोकारवाला सबै पक्षहरूको परिपूरक सक्षमताको उपयोग हुने गरि यस नीति तथा कार्यक्रममा सहकार्यमुखी कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिइएको छ

“कृषि, पर्यटन र व्यापारः सुरक्षित समृद्ध नगरको आधार” नाराको मर्मलाई नीति, विधि र व्यवहारमा अनुसरण गरेर हाम्रा मतदाताहरुले दिनु भएको विश्वासलाई इमान्दारिता र निष्ठामा रूपान्तरण गर्दै चैनपुरलाई समृद्ध नगरपालिकाको रुपमा स्थापित गर्ने महान अभिभारा हाम्रो काँधमा छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ को व्यवस्था अनुरूप यस सम्मानित नगर सभामा आर्थिक वर्ष २०८२/०८३ को लागि चैनपुर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

**चालू आ.व.को हाल सम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**<u>भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धि</u>**

**<u>सडक यातायातः</u>**

यस नगरपालिकामा उपभोक्ता समिति मार्फत संचालित योजना १६५ वटा कोटेसन ठेक्का र अमानत गरि जम्मा ५४ वटा गरि २१९ वटा योजनाहरू सम्पन्न भएको छ । हाल सम्म ३१ कि.मी. कालो पत्रे २० कि.मी. पक्की सडक र ६० कि.मी. सोलिङ र १० कि.मी. ट्र्याक निर्माण नगरपालिकाका सबै वडामा सडकको पहुँच पुगेको छ। खुल्ला व्यायामशाला निर्माण, २ वटा वडा कार्यालय भवन निर्माण सम्पन्न, ४ वटा वडा कार्यालय भवन निर्माण भई रहेको सिद्धपोखरी स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न, खराङ्ग स्वास्थ्य चौकी भवन निर्माणको भई रहेको, भेटनेरी पशु अस्पताल भवन निर्माण भई रहेको, तीन वटा विद्यालयहरूको भवन निर्माण सम्पन्न भएको छ । नगरपालिकाले विभिन्न बस्ती र वडा क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।नगरपालिकाबाट अन्य नगरपालिका तथा प्रमुख राजमार्गसम्मको सडक पहुँचलाई सुदृढ बनाइएको छ ।

**खानेपानी**

चैनपुर नगरपालिकामा सञ्चालन भएको वृहत् खानेपानी घरधुरीहरु मध्ये वडा नं. ३,६,७,८,९,१० र ११ का जम्मा १५१७, वानेश्वर खराङ खानेपानी घरधुरी ७०० वडा न ८,९ र १० खानेपानी सुविधा उपलब्ध भएको छ । चैनपुर खानेपानीबाट हाल ४०० घरधुरीहरुलाई पानी वितरण गरेको छ चैनपुर वडा नं. ३, ५,६र ७ वडाहरु गरि चैनपुर नगरपालिकामा हाल २६१७ भन्दा बढी घरधुरीहरुमा, सभाखोला बिजुवापानी लिफटिङ्ग खानेपानी योजना ३५० घरधुरीहरुले उपभोग गरि रहेका छन्।

**<u>सिँचाईः</u>**

यस नगरपालिकाका विभिन्न वडामा गरी खेतीयोग्य जमिनहरुमा पल्लो साहूटार सिँचाई माथिल्लो साहूटार सिँचाई आयोजना घोडेनी सिँचाई आयोजना निर्माण ८५ प्रतिशत सम्पन्न भएको र सिँचाई आयोजनाका लागि आवश्यक सहयोग उपलब्ध गराएको छ । विभिन्न स्थानका मुहानहरुबाट खेती सम्म पानी लैजानका लागि पाइन ५००० मिटर पाइन खरिद गरि विभिन्न वडाहरूमा वितरण गरिएको छ ।

## सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धि

नगरपालिकामा रहेको १५ शैय्याको नगर अस्पताल निर्माण भई सुचारु भएको छ। ३४ लाखको औषधी तथा स्वास्थ्य सामग्री खरिद, नगर अस्पतालमा अक्सिजन प्लान्ट जडान, किशोर किशोरी मैत्री स्वास्थ्य सेवा विस्तार भएको, प्रजनन स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन, पूर्ण खोप घोषणा, उपप्रमुख गर्भवती तथा सुत्केरी भेटघाट कार्यक्रम हाल सम्म २०० जना गर्भवती तथा सुत्केरीलाई सामग्री वितरण सम्पन्न भएको र निरन्तर भई रहेको, नगर अस्पतालमा २ दिने विशेषज्ञ सहित शिविर सञ्चालन भई ३१४ जनाले सेवा लिएको, अल्ट्रा साउण्ड मेसिन १ थान नगर अस्पतालमा व्यवस्थापन गरिएको, प्रयोगशालामा इलेक्ट्रोलाइट एनालाइजर र पि.ओ.सि.टी एनालाइजरको व्यवस्थापन, नगर अस्पतालमा डाक्टर सहितको प्राविधिक व्यवस्थापन भएको छ।

## आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,) का क्षेत्रमा भएका उपलब्धी

१६ वटा हात्ते ट्याक्टर वितरण, मकैको मूल विउ वितरण ५०० के जी, मकैको उन्नत बिउ वितरण ४५०० के जी, माटो सुधारको लागि चुन वितरण १० हजार के जी, अलैंची खेती प्रवर्द्धन तथा रोग किरा नियन्त्रण कार्यक्रम, सुन्तला खेती प्रवर्द्धन कार्यक्रम, कफी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको छ। पशु विकास तर्फ गाई भैंसी गोठ सुधार कार्यक्रम ८० वटा सम्पन्न, वडास्तरीय पशुपालन तालिम ११ स्थानमा सम्पन्न, रेविज खोप कुकुरलाई ९५ वटा, कृत्रिम गर्भाधारभण कार्यक्रम, कृषि तथा पशु मेला मार्फत उत्कृष्ट कृषकलाई पुरस्कार प्रदान गरिएको, बाख्राहरुमा १० हजार डोज पि.पि.आर रोग विरुद्धको खोप र गाई भैसी बाख्रामा ७५०० डोज खोरेत रोग विरुद्धको खोप, माछा पोखरी निर्माण १५ वटा, च्यापकटर मेसिन वितरण १६ वटा, काउ म्याट ४० वटा, मासु पसल सुधार कार्यक्रम चैनपुर हटियामा सम्पन्न भएको छ । चैनपुर नगरपालिका वडा नं.-२ गुराँसे डाँडामा पाथिभरा निसानीको मूर्ति स्थापना तथा मन्दिर व्यवस्थापन ऐतिहासिक गढीडाँडा पार्क व्यवस्थापन तथा चियाको विरुवा रोप्ने काम सम्पन्न भएको छ। रोजगारी सृजना गर्न नगरपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ । रोजगार सेवा केन्द्रले ५५ जनालाई १०० दिनको रोजगारी सृजना भएकोछ भने १८५ जनाले जनाको श्रम स्वीकृत भएको छ।

## वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार व्यवस्थापनलाई समेट्ने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, हरित उद्यम र पर्यटनको विस्तार गरिएको छ । नगरपालिकामा रहेका ५८ वटा सामुदायिक वनमा उपयोग र संरक्षण सहितको वैज्ञानिक वन व्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ। दिगो फोहर व्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित भई केही असल अभ्यासको थालनी भएकोछ ।

## सुशासन तथा संस्थागत विकास (कानुनी व्यवस्था, राजस्व परिचालन, सङ्गठन संरचना, सार्वजनिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धि

चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुशासन कायम सार्वजनिक सुनुवाइ कार्यक्रम एकीकृत घुम्ती शिविर सञ्चालन नागरिक वडापत्रको व्यवस्थापन जस्ता महत्वपूर्ण कामहरू भएका छन्। नगरपालिकाले २६ वटा ऐन, ५ नियमावली, ३० कार्यविधि, निर्देशिका २ आचार संहिता २ र ४ मापदण्डहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। त्यसै गरी व्यवस्थित सहरीकरण तथा वस्ति विकासको लागि आवश्यक योजना १ नीति १ नीति तर्जुमा गरेको छ । नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको सङ्गठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस नगरपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ८६.२५ अङ्क प्राप्त गरेको छ । राजस्व सुधार कार्य योजनाको कार्यान्वयनबाट आन्तरिक राजस्व स्रोतको दायरामा वृद्धि भएकोछ ।

अव म चैनपुर नगरपालिकाको दूरदष्टि तथा लक्ष्य प्रस्तुत गर्दछु ।

**दूरदृष्टि(Vision)**

"कृषि, पर्यटन र व्यापारः सुरक्षित समृद्ध नगरको आधार"

**लक्ष्य(Goal)**

कृषि, उद्योग, पर्यटन र व्यापारको माध्यमबाट व्यापक रोजगारी श्रृजना गरी कोशी प्रदेशको नमूना नगरपालिका वनाउने ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभा सदस्यज्यूहरू,
अब म आ.व. २०८२/०८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

१. शिक्षकहरूलाई छोटो अवधिको पुनर्ताजकी तालिमको व्यवस्था गरिने छ
२. नियमित विद्यालय अनुमगन र वार्षिक शैक्षिक पात्रो निर्माण गर्न आवश्यक व्यवस्था गरिने छ ।
३. नगरपालिकाको आवश्कता अनुसार स्थानीय पाठ्यक्रम **हाम्रो चैनपुर** कार्यान्वयनलाई थप प्रभावकारी बनाइने छ ।
४. विद्यालयहरूलाई सूचना प्रविधिका सामग्री, पुस्तकालय लगायतका क्षेत्रमा अनुदानको व्यवस्था गर्न पहल गर्ने नीति लिइने छ ।
५. शिक्षक दरबन्दी मिलानमा पुर्नव्यवस्थापन गर्ने र उत्कृष्ट शिक्षक एवं विद्यार्थीलाई सम्मान गर्ने नीति अवलम्बन गरिने छ ।
६. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरूलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।
७. चैनपुर नगरपालिका भित्र आवासीय विद्यालय निर्माणका लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा समन्वय गरिने छ ।
८. सामुदायिक विद्यालयहरूमा डिजिटल हाजिरी राखिने कार्य क्रमागत रूपमा गरिदैं लगिने छ ।
९. आवश्यकताको आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्दा बाल मैत्री तथा अपाङ्गता मैत्री संरचना निर्माण गरिनेछ।
१०. सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।
११. गाभिएका, बन्द गरिएका वा मर्ज भएका विद्यालयहरूको सम्पत्तिको अभिलेखीकरण गरिनेछ ।

१२. सामुदायिक विद्यालयहरूको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनका लागि प्रभावकारी अनुगमन गरिनेछ ।

१३. संस्थागत विद्यालयले दिने १०% छात्रवृत्तिको कार्यान्वयनलाई प्रभावकारी गराइनेछ ।

१४. आजको युग प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रतिस्पर्धाको युग हो त्यसैले चैनपुर नगरपालिकामा थप प्राविधिक धार विषयको स्वीकृति तथा अनुमतिका लागि सङ्घीय सरकार र प्रदेश सरकारमा सिफारिस गरिने छ ।

१५. सूचना तथा सञ्चार प्रविधिमैत्री कक्षा कोठा सिकाइ तथा शिक्षण रणनीति अवलम्बन गरिने छ।

१६. शिक्षकको पेशागत विकासका लागि विभिन्न प्रकारका रचनात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ

१७. संखुवासभा बहुमुखी क्याम्पसलाई प्रदान गर्दै आएको अनुदानलाई निरन्तरता दिइने छ ।

१७. पुस्तकविहीन सिर्जनशील शुक्रबार अभियान सञ्चालन गर्ने नीति लिइने छ ।

१८. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अभिभावक बीचको सञ्चार व्यवस्थापन, अनलाईन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) र विद्यालय लेखा प्रणाली (SAS) लागू गर्ने नीति अवलम्बन गरिनेछ।

**ख. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. नगरपालिका भित्र खेलकुद प्रशिक्षक उत्पादन गर्न आवश्यक व्यवस्थापन गर्ने नीति लिइने छ

२. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मार्फत विद्यालय तहमा खेलाडीहरू उत्पादन गर्नलाई राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाईने छ ।

३. दक्ष खेलाडी उत्पादनको लागि ग्रास रुट कार्यक्रम सञ्चालन निरन्तरता दिइने छ ।

४. उप प्रमुख हाफ म्याराथुन लगायत विभिन्न खेलकुदका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।

**ग. महिला, बालबालिका, आदिवासी जनजाति ,दलित, अपाङ्ग तथा जेष्ठ नागरिक सम्बन्धी नीति**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. **हिंसा मुक्त नगरपालिका हाम्रो पहिचान"** अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

३. दलितहरूलाई सीप विकास तथा उद्यमशीलता विकासका लागि प्रविधि हस्तान्तरणका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

४. नगरपालिका तथा वडा स्तरीय बाल क्लब सञ्जाललाई प्रभावकारी रूपमा परिचालन गरिनेछ।

५. आदिवासी जनजातिहरूको कला संस्कृति संरक्षण तथा प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ
६. जेष्ठ नागिरकहरुको सम्मान तथा पुस्ता हस्तान्तरणका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ ।
७. अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिइने छ ।
८. दलित समुदायको हकहितका लागि समावेशीकरण छुवाछुतको अन्त्य गर्दै समावेशी समाज निर्माणमा पहल गर्ने लगायत विशेष रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ।

**घ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. **सवल र दिगो नगर स्वास्थ्य प्रणाली :स्वस्थ्य र सक्षम नगरवासी** भन्ने नाराका साथ सबै नागरिकमा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहूँच सुनिश्चित गर्दै सम्पूर्ण आधारभूत सेवालाई प्रभावकारी बनाइने छ ।
२. नागरिकको पहुँच सुनिश्चित हुने गरी नगरपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न नगर अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित वनाइनेछ ।
३. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको जाँच र उपचारमा सहयोगको प्रबन्ध मिलाईने छ।
४. बर्थिङ्ग सेन्टर र स्वास्थ्य क्लिनिकहरुको सेवालाई स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ।
५. स्वास्थ्य कार्यक्रमको मेरुदण्ड मानिने महिला स्वास्थ्य स्वयंसेविकाहरूको कामको उच्च मूल्याङ्कन गर्दै थप प्रोत्साहन गरिने छ साथै दीर्घ सेवा गरि अवकाश हुने महिला स्वास्थ्य स्वयंसेविकाहरूको सम्मान गर्ने नीति लिइने छ ।
६. स्वास्थ्य संस्थाहरूको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरूसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।
७. **नागरिकसँग मेयर कार्यक्रम** सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
८. उप प्रमुख सुत्केरी तथा गर्भवती भेटघाट कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।
९. नि:शुल्क ग्रामीण अल्ट्रासाउण्ड सेवाको पहुँच तथा उपलब्धतामा वृद्धि गरिने छ ।
१०.पूर्ण खोप दिगोपना सुनिश्चिता कार्यक्रमलाई निरन्तरता दिइने ।
११.एम्बुलेन्सको खरिद गरि सेवा सञ्चालन गरिने छ ।
१२.नगरपालिका भित्रका निजी स्वास्थ्य संस्थाहरूको अनुगमन तथा नियमन गरिने छ ।
१३.नागरिकको आधारभूत स्वास्थ्यमा सहज र सर्व सुलभ पहुँच स्थापित गर्न स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

१४. जटिलता युक्त प्रसूति तथा गर्भवती महिलाहरूको लागि निःशुल्क प्रेषण सेवाको व्यवस्था गरिने छ ।

१५. महामारी जन्य रोगहरू र सरुवा रोगहरूको रोकथाम तथा नियन्त्रणमा विशेष ध्यान दिइने छ ।

१६. मानसिक स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालनको सुरुवात गरिने छ ।

१७. चैनपुर नगरपालिकाको नगर अस्पताललाई थप सुदृढीकरणका लागि स्वास्थ्य क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको खोजी गरि साझेदारीको प्रक्रिया अगाडी बढाइने छ ।

१८. स्वास्थ्य संस्थाहरूमा विद्युतीय रेकडिङ्ग रिपोटिङ्गको व्यवस्थापन गरिदैं लगिने छ ।

१९. **नगरको चासो, बाल स्वास्थ्य जाँचको खाँचो** भन्ने नाराका साथ जन्म देखि २३ महिना सम्मका बाल बच्चाहरूको वृद्धि एवं विकासको जानकारीका लागि नियमित स्वास्थ्य जाँच गराउने बानीको विकास गर्न अभिभावकहरूलाई प्रोत्साहित गरिने छ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. उद्योग तथा रोजगार सम्बन्धी नीति तथा कार्यक्रम

१. ग्रामीण परिवारका लागि आय आर्जनको स्रोत विकास गर्न कोदोको स्थानीय रक्सी ब्राण्डको रूपमा विकास गर्दै स्थानीय उत्पादन कोदोको प्रयोगलाई बढवा दिइने छ ।

२. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

४. श्रमयुक्त रोजगारी सिर्जनाका लागि **प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा सामुदायिक पूर्वाधार विकास कार्यक्रमलाई** निरन्तरता दिनका लागि दक्ष कामदारको ज्याला र सामग्री खरिदका लागि साझेदारी गरिने छ ।

५. **श्रमको सम्मान राष्ट्रको अभियान** कार्यका लागि नगरपालिकामा संचालित पूर्वाधार निर्माणका योजनाहरुमा प्रयोग हुने श्रमिकको सूची तयार गरि सूचीकृत बेरोजगारलाई प्राथमिकतामा राखी यस कार्यमा समावेश गरिने छ ।

६. **खर्च कम गरौं, नगर बाटै श्रम गरौं** अभियानका साथ वैदेशिक रोजगारमा जाने श्रमिकहरूको श्रम नगरपालिकाबाट गरिने व्यवस्थालाई व्यापक बनाई नागरिक माझ पुर्याईनेछ ।

७. चैनपुरे करुवा उत्पादनलाई व्यवस्थित बनाउन आवश्यक पहल गर्दै जिल्ला घरेलु तथा साना उद्योग कार्यालयसँग समन्वय गर्ने नीति लिइने छ ।

८. उद्यमीहरूको उत्पादनलाई बजारीकरण गर्नका लागि औद्योगिक प्रदर्शनी मेलाको आयोजना गर्न आवश्यक पहल गरिने छ ।

९. चैनपुर नगरपालिकाबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले पठाएको रेमिट्न्यासको सहि प्रयोग तथा विदेश जाने र विदेशबाट फर्किएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श श्रम

स्वीकृति  एवं प्रक्रिया सम्बन्धी जानकारी गराउन नगरपालिका र सामी परियोजनाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

**ख. पर्यटन तथा संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमः**

१. नगरपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरू जोड्न पर्यटकीय सडक सञ्जाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

२. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरु, संरचनाहरुको संरक्षण प्रवर्द्धनका लागि आवश्यक पहल गरिने छ ।

३. ऐतिहासिक वानेश्वर महादेव मन्दिरलाई कोशी प्रदेश सरकारको समन्वयमा व्यवस्थापनको कार्य गरिनेछ ।

४. नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारणहरुको वितरण गरिनेछ।

५. जात्रा, चण्डी पूर्णिमा, बुद्ध जयन्ती, बालाचतुर्दशी मेला, एकादशी मेला, शिवरात्री, उँधौली उँभौली, ल्होसार लगायतका मेला पर्वहरूको संरक्षण सम्वर्द्धन तथा व्यवस्थापन गरिने छ ।

६. मठ मन्दिर, पाटीपौवा र गुठीहरूको संरक्षण र व्यवस्थापनको कार्यलाई प्राथमिकता दिइनेछ ।

७. नगरपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गरिने नीति लिइनेछ।

८. नगरपालिका भित्र आयोजना हुने महोत्सवहरूमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

९. चैनपुरको मुख्य मुख्य उत्पादनहरु करुवा, सखर, कुराउनी, घिउ, मह, अल्लो, नेपाली कागज आदी सामग्रीहरूको प्रचार प्रसारका लागि कोसेली घर निर्माणको प्रक्रिया अगाडी बढाइने छ ।

१०. स्थानीय क्षेत्रमा उत्पादन हुने सामग्रीहरु नाङलो,डोको, डालो, ढिकी, हलो, जुवा,हलुड,जात्तो, ठेकी, मदानी, दुधुरो, भुने, हुक्का आदी सामग्रीहरु संकलन गरि संग्रालय निर्माण गरि राख्ने नीति लिइने छ ।

११. सिद्धकाली मन्दिर, वानेश्वर मन्दिर र वानेश्वर डाँडा, वालेश्वर गुफा, नुनढाकी-तातोपानी-गुफापोखरी -मेन्छेयम्, मिल्केडाँडा, ताङलेवा झरना, अरुण उपत्यका, सेल्फीडाँडा, पिकनिक स्पोट सिरानटार, पाथिभरा निसानी थामपोखरी हुदै पैदल मार्ग, जडीवुटे डाँडा, थालेडाँडा, गढीपार्क, काफ्लडाँडा गुम्वा, मनोहर झरना, लगायतका स्थानहरूलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक पहल गरिने छ ।

१२. चैनपुर नगरपालिका तथा कोशी प्रदेश सरकारको समन्वयमा पर्यटन पद मार्ग निर्माण तथा व्यवस्थापनको काम गरिने छ ।

**ग. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. कृषकहरूलाई उन्नत मकै बीउ वितरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. **रैथाने बालीहरूको बीउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाईनेछ।

३. चैनपुरको स्थानीय उत्पादन सखरलाई ब्राण्डको रूपमा विकास गर्न उखु खेती प्रवर्द्धन तथा सखर प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।
४. सुन्तला प्रवर्द्धन कार्यक्रम सञ्चालन गरि सुन्तला खेतीलाई थप विस्तार गरिने छ ।
५. माटो परीक्षण, कृषि चुन वितरण लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिइने छ ।
६. चैनपुर नगरपालिकालाई दुध मासु, माछा र अण्डामा आत्मनिर्भर बनाउने लक्ष्य लिईएको छ ।
७. पशु उपचार सेवा औषधी खरिद कृतिम गर्भाधान सेवालाई निरन्तरता दिइने छ ।
८. मासु पसल तथा बधशालाहरुको निर्माण तथा सुधारको लागि आवश्यक समन्वय गरिने छ ।
९. कृषि तथा पशु उत्पादनमा व्यावसायिकरण, विविधिकरण, आधुनिकीकरण, यान्त्रिकरण एवं बजारीकरणलाई विशेष जोड दिँदै व्यावसायिक कृषक तथा फर्महरुलाई प्रोत्साहन गरि कृषि क्षेत्रलाई आत्म निर्भर र मर्यादित बनाउने नीति अवलम्बन गरिने छ ।
१०. माछापालन व्यवसायलाई प्रोत्साहन गरि सो सम्बन्धी सेवा तथा सहयोग उपलब्ध गराइने छ ।
११. चैनपुर पशु सेवा केन्द्रको भेटेरिनरी अस्पताल निर्माणलाई निरन्तरता दिइने छ ।
१२. पशु नस्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिने छ भने यातायातको असुविधा भएको स्थानमा प्राकृतिक प्रजननको व्यवस्था मिलाईनेछ ।
१३. किसानहरू तथा फर्महरूको क्षमता विकास कार्यक्रम तथा सहयोग सम्बन्धीका कार्यक्रमहरू सञ्चालन गरिने छ।
१४. कृषि तथा पशु मेला प्रदर्शनी कार्यक्रमलाई निरन्तरता दिइने छ ।
१५. कृषि तथा पशुहरूको विमा गर्न कृषकहरूलाई प्रोत्साहित गरिने छ ।
१६. चैनपुर नगरपालिका वडा नं.-१० स्थित बोयर बाख्रा स्रोत केन्द्रलाई व्यवस्थापन तथा सञ्चालनको लागि आवश्यक प्रक्रिया अगाडी बढाइने छ ।

**घ. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. नतिजामा आधारित अनुगमन सूचकका आधारमा सहकारी संस्थाहरूको नियमित अनुगमन गरि सहकारी संस्थाहरूको विस्तृत अद्यावधिक प्रोफाइल तयार गरिने छ ।
२. वार्षिक रूपमा नवीकरण नगर्ने र तोकिएको विवरण पेश नगर्ने सहकारीहरूलाई कानुनको दायरामा ल्याइने छ ।
३. नगरपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरूको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित ढङ्गले अघि बढाइनेछ।

**३. तथ्याङ्क प्रणाली ,सूचना तथा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रम**

१. खुल्ला सरकार, खुल्ला तथ्याङ्कको अवधारणलाई कार्यान्वयन लगिनेछ ।
२. एकीकृत तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरी अभिलेख व्यवस्थापन तथा सूचना प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

३. चैनपुर नगरपालिकाबाट प्रकाशित गरिने सूचना तथा विज्ञापनलाई एकद्वारा प्रणालीद्वारा व्यवस्थित गरिनेछ ।लोककल्याणकारी सूचना तथा विज्ञापनलाई कार्यान्वयन लगिनेछ ।
४. विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथमिकता दिइनेछ।
५. नागरिकहरूको सूचनाको हकको सम्मान गर्दै नगरपालिकालाई सूचना मैत्री बनाइनेछ।
६. इन्टरनेट पूर्वाधार स्तरोन्नति, सूचना तथा सञ्चार मैत्री सेवा प्रवाहमा जोड दिइनेछ ।
७. नगरपालिकाबाट प्रवाह हुने सबै प्रकारका सेवालाई अनलाइन प्रविधिमा रूपान्तरण गरिदैं लगिनेछ।

**४. न्याय, कानुन तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरूको शीघ्र निरूपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानुनहरूको प्रबन्ध मिलाइनेछ।
२. समय समयमा न्यायिक समिति र मेलमिलापककर्ताहरुलाई न्याय र कानुन सम्बन्धीका कार्यक्रमहरू सञ्चालन गरिने छ ।
३. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**५. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा ,**
**कार्यक्रम**

१. नागरिक वडापत्रलाई सबै कार्यालय राख्ने व्यवस्था मिलाइने छ ।
२. नगरपालिका भित्रका नागरिकहरूको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन गर्ने प्रणालीको विकास गरिने छ ।
३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।
४. नगरपालिकाबाट प्रवाह हुने सेवा तथा कार्यक्रमहरूको गुनासो व्यवस्थापनका लागि सार्वजनिक सुनुवाइ सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
५. आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरूलाई समेत संलग्न गराइनेछ।
६. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामूखि तुल्याउन मध्यमकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।
७. संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरूसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
८. सार्वजनिक सेवालाई शीघ्र, पारदर्शी, सेवाग्राही मैत्री तथा नतिजा मूलक बनाई सार्वजनिक सेवामा सबैको समान र सहज पहुँच सुनिश्चितता गरिनेछ ।

९. कर्मचारी प्रशासनलाई सक्षम, सुदृढ, सेवामुलक, प्रतिस्पर्धी, उत्तरदायी, छिटोछरितो र नतिजामूलक बनाउँदै कार्यसम्पादनका आधारमा दण्ड र पुरस्कारको प्रभावकारी व्यवस्था मिलाइनेछ। साथै कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास तालिम, अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई व्यवस्थापन गरिनेछ ।

१०. नगरपालिकामा संस्थागत स्व मूल्याङ्कन, वित्तीय सुशासन जोखिम मुल्याङ्कन तथा तेस्रो पक्षको मुल्याङ्कन लगायत विधिको अवलम्बन गर्ने व्यवस्था मिलाईनेछ ।

११. नगरपालिकाको आन्तरिक सुरक्षा तथा सु व्यवस्थाको लागि नगर प्रहरीको व्यवस्थापन गर्ने नीति लिइने छ ।

१२. सेवा ग्राही मैत्री सेवा प्रवाह व्यवस्थापन गर्न निःशुल्क नागरिक सहायता कक्ष स्थापना गरिनेछ

१३. नगरपालिका भित्र कार्यक्षेत्र भई कार्यरत विभिन्न संघसंस्थाहरुलाई नगरपालिकामा कार्यक्रम स्वीकृत गराई कार्यक्रम सञ्चालनको अनुमति दिने नीति लिइने छ ।

१४. नगरपालिकाको वृहत् विकास तथा सुशासनका लागि चालू खर्च कटाई पुँजीगत खर्च वृद्धिको नीति लिइने छ ।

## ६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालीन, अल्पकालीन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाईनेछ ।

२. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी सङ्घ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

३. सडक किनारा र सार्वजनिक स्थानहरूलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

४. फोहोर सङ्कलन तथा व्यवस्थापन कार्यलाई थप व्यवस्थित बनाइने छ ।

५. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरूलाई पूर्ण रूपमा जिम्मेवार बनाइनेछ। जथाभाबी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिबाना तथा दण्ड सजाय गर्ने नीति लिइनेछ।

### ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न नगरपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्पादनशीलता वृद्धि गर्ने ।

२. पूर्वाधार आयोजनाहरूको कार्यान्वयन गर्दा त्यस्तो आयोजनाहरूले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।
४. विपद् उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
५. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरूको अनधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
८. नगरपालिकाको विपद् जोखिम नक्साङ्कन प्रभावकारी रूपमा कार्यान्वयनमा लागिने छ ।
९. वन्यजन्तुको कारण कृषकहरूको उत्पादनमा पारेको नोक्सानीलाई नियन्त्रण गर्ने नीति लिइने छ
१०. प्राकृतिक तथा अन्य विपद् बाट हुने धनजनको क्षतिलाई न्यूनीकरण कार्यक्रमहरू सञ्चालनको व्यवस्था मिलाईने छ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. पूर्वाधार निर्माणका आयोजनाहरू सञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रूपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरू पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरूमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
२. एकीकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरूको निर्माण कार्यका लागि सङ्घीय सरकार, प्रदेश सरकार र साझेदारहरूसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।
३. नगरपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठूला आयोजनाहरू पहिचान गरी नगरपालिका गौरव आयोजनाका रूपमा कार्यान्वयन गरिनेछ ।
४. शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउन एकीकृत बस्ती विकास आयोजनाको प्रयास गरिने छ ।
५. सडक लगायत पूर्वाधार निर्माणमा नवीन अवधारण Bamboo Crash Barrier ,Plastic bitumen जस्तै प्रयोग गरी नमुना कार्य गरिनेछ ।
६. पूर्वाधार मर्मत कोषको व्यवस्था गरिनेछ ।
७. निर्माण गुणस्तरलाई अभिवृद्धि गर्न प्रयोगशाला निर्माण गर्ने नीति लिइने छ ।
८. चैनपुर नगरपालिका भित्र बन्ने सडकहरूलाई वर्गीकरण गरि विभिन्न मापदण्डका आधारमा सोही अनुसारको निर्माण कार्य गर्ने नीति लिइने छ ।(कालोपत्रे,ढलान र सोलिङ्ग)

९. निर्माण सम्पन्न भई सकेका सडकमा Road Marking , Traffic signal राख्न आवश्यक समन्वय गरिने छ ।

१०.एक तले भवनहरू निर्माण गर्दा स्थानीय सामाग्री प्रयोग गर्न प्रोत्साहित हुने नीति लिइने छ।

११.चैनपुर नगरपालिका भित्र रहेका फुसको छाना हटाई जस्ताको छाना निर्माण गर्ने नीति लिइने छ

१२.सरकारी, गैरसरकारी कार्यालयको नक्सा पास अनिवार्य गरिनेछ ।

१३.उपभोक्ता समितिलाई नियमन गरिनेछ ।

१४.घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

१५.नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरूलाई कडाइका साथ लागू गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१६.भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१७.नगरपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१८. नगरपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरूको आवधिक रूपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१९.पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र सँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

## ८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. "**तिरौं कर बनाउ समृद्ध नगर**" का लागि प्रगतिशील कर प्रणालीको विकास सक्षम, कर प्रशासन निर्माण, कर दायरा विस्तार, कानुन बमोजिम तोकिएका कर राजस्व, रोयल्टी, बिक्री तथा निकासी र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाईनेछ । करदाता विवरण डिजिटल प्रणाली आबद्ध गर्दै प्रत्येक करदाताको कर तिर्ने दायित्वलाई एकीकृत गरी सबैलाई करको दायरामा समेटिनेछ ।

२. राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाईनेछ ।सबै प्रकारका आर्थिक क्रियाकलाप औपचारिक प्रणालीमा आबद्ध गरिनेछ ।

३. चैनपुर नगरपालिका भित्र उत्पादन हुने अलैंची, रुद्राक्ष तथा लकडीको निकासीलाई थप व्यवस्थित गरिने छ ।

४. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँट, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र

विभिन्न सरकारी निकायहरु तथा गैसस एवं विकास साझेदारसंग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

५. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

६. नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरू पहिचान गरिनेछ।

७. वडा कार्यालयहरूसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र बहालमा रहनेहरूको अभिलेख अद्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

८. विघतदेखि लिज वा वहालमा लगाइएका नगरपालिकाको स्वामित्वमा रहेका संरचनाहरूको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

९. ढुङ्गा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा सङ्घीय वन सम्बन्धी कानुनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रूपमा नगरपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

**९. भू उपयोग सम्बन्धी नीति**

१. चैनपुर नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरूको अभिलेख राखी संरक्षण गरिने छ।

२. जडीबुटी सम्बन्धी परम्परागत ज्ञान र सीपको उपयोग गर्दै जडीबुटी खेती प्रवर्द्धन गर्ने नीति लिइने छ ।

३. बर, पीपल, समी एवं वन जन्य बिरुवा फलफूल उत्पादन तथा रोपण कार्यलाई प्रोत्साहित गरिनेछ

४. मेरो कित्ता अनलाइन कार्यक्रम सञ्चालन गर्दै भूमि प्रशासनलाई सूचना तथा सञ्चार मैत्री बनाइनेछ

**१०. अन्तरपालिका सम्बन्ध**

१. चैनपुर नगरपालिका र ललितपुर महानगरपालिका बीच भएको भगिनी सम्बन्धलाई थप प्रभावकारी बनाउन विभिन्न प्रकारका कार्यक्रम तथा योजनाहरू सञ्चालन गर्ने र एक अर्को पालिका बीच छलफल तथा अन्तरक्रियाका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिईने छ ।

२. चैनपुर नगरपालिकामा पाल्नु हुने स्वदेशी तथा विदेशी पाहूनाहरुलाई सत्कार गर्दा नगरपालिकाको तर्फबाट प्रदान गरिने मायाको चिनो चैनपुरको कला संस्कृति झल्किने सामग्री दिने व्यवस्था गर्न उद्यमीहरूसँग समन्वय गरिने छ ।

३. देश भित्रका स्थानीय तहहरूसँग भगिनी सम्बन्ध कायम गर्दा सहकार्य र पारस्परिकता सम्भावनाको आधारमा मात्र गरिने नीति लिइने छ ।

**११. आन्तरिक तथा जिन्सी व्यवस्थापन तथा खरिद:**

१. कार्यालयबाट सम्पादन गरिने कार्य नियमितता , मितव्ययिता, कार्यदक्षता र प्रभावकारीको आधारमा सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन गरिनेछ ।

२. वडा कार्यालयहरू र शाखाहरू सँग लेखापालन, बेरुजू सम्परीक्षण, लेखापरीक्षण र सम्भावित जोखिम सम्बन्धमा चौमासिक रूपमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

३. नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेखीकरण गरी व्यवस्थापन कार्यलाई प्रभावकारी गराईनेछ ।

४. **स्थानीयलाई प्राथमिकता सस्तो खरिद र गुणस्तरीय खरिद** भन्ने अभियानका साथ वर्षभरि आवश्यक पर्ने फर्निचर, मेसिनरी औजार, अन्य कार्यालय सामग्रीहरूको आवश्यकता पहिचान गरी वार्षिक खरिद योजना तर्जुमा गरिनेछ र खरिद कार्यलाई पारदर्शी र व्यवस्थित गराईनेछ । साथै खरिद इकाईलाई प्रभावकारी बनाइने छ ।

५. नगरपालिका तथा मातहतका निकायको स्वामित्वमा रहेका भौतिक सम्पत्तिको निरीक्षण गरी व्यवस्थित तथा पुराना जिन्सी मालसामानहरूलाई लिलाम बिक्री गर्ने व्यवस्था मिलाईनेछ ।

नगरवासीहरूको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रूपान्तरणको खाकातिर लैजाने कार्य सोच सहित आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम चैनपुरको भविष्यको मार्गदर्शक दस्तावेज हुनेछ ।चैनपुर नगरपालिकालाई समृद्ध बनाउने सबै नगरवासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्त्वपूर्ण भूमिका छ । यो नीति तथा कार्यक्रम सरकारी गैह्र सरकारी निजी सरकारी लगायत विकासका सवै साझेदार वा पक्षधरको लागि मार्ग चित्र हो । नगरको विकास सबैको विकास हो । यसैले विकास निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव सल्लाह दिन हामी नगरवासीलाई हार्दिक आग्रह गर्दछौ । हामीले नगर बासीबाट प्राप्त रचनात्मक सुझाव सल्लाहलाई सधैं आत्मसाथ गर्नेछौ । विकास निर्माणका काममा हामीहरू सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरू दृढ छौं । सङ्घीय सरकार, प्रदेश सरकार क्षेत्रगत र स्थानीय बीच तादम्यता कायम गरि नगरको सर्वाङ्गीण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालीन योजना निर्माणको पथमा हामी छौं ।

अन्तमा नीति तथा कार्यक्रम निर्माणमा महत्त्वपूर्ण सल्लाह सुझाव दिने र चैनपुरको समग्र विकासमा योगदान गर्ने राजनैतिक दल, शिक्षक, बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारी, सहकारी, सामुदायिक क्षेत्र, नागरिक समाज, स्थानीय सङ्घसंस्था, विकास साझेदार संस्था, पत्रकार जगत लगायत सम्पूर्ण नगरवासी आमा बुबा, दिदी बहिनी, दाजुभाइलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद।

कृष्ण कुमार तामाङ
नगर प्रमुख
चैनपुर नगरपालिका, संखुवासभा, कोशी प्रदेश